


# कोभिड-१९ खोपको बारेमा प्रश्नहरू



## के कोभिड-१९ खोपले मलाई कोभिड-१९ रोग लाग्नबाट बचाउँछ?

बचाउँछ। कोभिड-१९ खोपले तपाईंको प्रतिरक्षा प्रणालीलाई कोभिड-१९ भाइरसलाई चिनेर त्यस विरुद्ध कसरी लड्ने भनेर सिकाउछ, र यसले तपाईंलाई कोभिड-१९ रोग लाग्नबाट बचाउँछ। कोभिड-१९ रोग लाग्नबाट जोगिनु महत्त्वपूर्ण छ किनभने धेरै मानिसहरूलाई हल्का रोग मात्र लागे पनि, अरुलाई गम्भीर बिरामी पार्न सक्छ, लामो समयसम्म स्वास्थ्य प्रभाव हुन सक्छ र मृत्यु पनि हुन सक्छ।

## के कोभिड-१९ खोपले नै मलाई कोभिड-१९ रोग लगाउन सक्छ?

सक्दैन। हाल संयुक्त राज्य अमेरिकामा विकास भैरहेको कुनै पनि अधिकृत र सिफारिस गरिएको कोभिड-१९ खोपमा लाइभ भाइरस प्रयोग गरिएको छैन जसले कोभिड-१९ लाई निम्त्याउँछ। यसको मतलव कोभिड-१९ खोपले तपाईंलाई कोभिड-१९ रोग लगाउन सक्दैन।

## कोभिड-१९ भ्याक्सिन पाए पछि, के म कोभिड-१९ को भाइरल टेस्टमा सकारात्मक परीक्षण गर्नेछु?

गर्नु हुने छैन। संयुक्त राज्य अमेरिकामा हालसालै सिफारिश खोपहरू र अधिकृत क्लिनिकल परीक्षणमा रहेका कोभिड-१९ खोपहरूले तपाईंलाई भाइरल टेस्टहरूमा सकारात्मक परीक्षण गर्न सक्दैन, जुन तपाईलाई हालको संक्रमण भएको देखाउनको लागि प्रयोग गरिन्छ।

## यदि मलाई पहिले नै कोभिड-१९ लागेको र ठीक भइसकेको भए, के मैले अझै पनि कोभिड-१९ खोप लगाउनु पर्छ?

पर्छ। यदि तपाईँलाई पहिले नै कोभिड-१९ संक्रमण भयो कि भए पनि कोभिड-१९ ले गम्भीर स्वास्थ्य जोखिम पार्ने र कोभिड-१९ को पुन: संक्रमण सम्भव भएको तथ्यका कारण, खोप लागउनु महत्वपूर्ण छ। यस समयमा, कोभिड-१९ लागेर ठीक भएको मानिस कति समय सम्म कोभिड-१९ बाट सुरक्षित हुन्छन् भनेर विशेषज्ञहरूलाई थाहा छैन। संक्रमणबाट प्राप्त रोग प्रतिरोधात्मक क्षमता, जसलाई प्राकृतिक रोग प्रतिरोधात्मक क्षमता भनिन्छ, एउटा व्यक्ति बाट अर्को व्यक्तिमा फरक हुन्छ। केही प्रारम्भिक प्रमाणहरूको सुझाव अनुसार प्राकृतिक रोग प्रतिरोधात्मक क्षमता लामो समय सम्म रहँदैन।

## के कोभिड-१९ खोपले मेरो DNA लाई परिवर्तन गर्छ?

गर्दैन। कोभिड-१९ mRNA खोपहरू कुनै पनि तरीकाले तपाईंको DNA सँग अन्तर्क्रिया गर्दैन र परिवर्तन हुँदैन ।

## यदि म भविष्यमा बच्चा जन्माउन चाहन्छु भने के मैले कोभिड-१९ खोप लिन सुरक्षित छ?



छ। व्यक्ति जो भविष्यमा गर्भवती हुन चाहन्छ उसले कोभिड-१९ खोप लिन सक्दछ। जो मानिस अहिले गर्भवती हुन खोजिरहेका छन् वा भविष्यमा प्रयास गर्ने योजना गरिरहेका छन् उनीहरूले कोभिड-१९ खोप लिन सक्छन्।